# दोस्रो भन्सार व्यवस्थापन गोष्ठी, २०७७ सम्पन्न

कोभिड १९ को संक्रमणको जोखिमलाई मध्यनजर गरी स्वास्थ्य मापदण्ड पालना गर्दै भन्सार विभागको आयोजनामा नेपाल भरका भन्सार कार्यालयका प्रमुख तथा अधिकृतहरू सहभागी रहेको यस आर्थिक वर्षको दोश्रो पटकको भन्सार व्यवस्थापन गोष्ठी मिति २०७७ चैत्र १३ र १४ गते अर्ध-भर्चुअलरुपमा काठमाडौंमा सम्पन्न भएको छ । विभागका महानिर्देशक श्री यमलाल भूसालको अध्यक्षतामा सम्पन्न गोष्ठीको समुद्घाटन माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेलले गर्नु भएको थियो। सो गोष्ठीमा राजस्व सचिव श्री रामशरण पुडासैनी तथा नेपाल राजस्व परामर्श समितिका अध्यक्ष श्री महेश दाहाल समेतको उपस्थिति थियो। दुई दिने उक्त गोष्ठीमा अर्थ मन्त्रालय मातहतका विभागका प्रतिनिधिहरू, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रतिनिधिहरू समेत सहभागी थिए।

कार्यक्रमको शुरुवातमा भन्सार विभागका उपमहानिर्देशक श्यामप्रसाद भण्डारीले स्वागत मन्तव्य सहित गोष्ठीको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो भने सो कार्यक्रममा विभागका अर्का उपमहानिर्देशक श्री भूमिराम शर्माले चालु आर्थिक वर्षको ८ महिनाको विभागको समग्र कार्यसम्पादनको अवस्था र आगामी दिनमा विभागले अबलम्बन गर्ने कार्ययोजना समेत समेटिएको समीक्षात्मक प्रस्तुति पेश गर्नुभएको थियो। गोष्ठीको समुद्घाटन गर्दै माननीय अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेलले गोष्ठीको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो। वहाँले सो गोष्ठीबाट निकालिएका निष्कर्षहरुलाई कार्यान्वयनमा लैजान अभिप्रेरित गर्दै कोभिड-१९ को हालको अवस्थाका बावजुद पनि राजस्वको निर्धारित लक्ष्य हासिल हुने अपेक्षा व्यक्त गर्नुभएको थियो। मालवस्तुको मूल्याङ्कन र जाँचपासले सिंगो कर प्रणालीलाई असर पार्ने हुँदा यसमा उब्जिएका समस्याहरु निराकरण गर्ने तर्फ विभागको ध्यानाकर्षण गर्दै कर्मचारीहरुलाई उच्च मनोबलका साथ आफ्नो कार्यगत जिम्मेवारी पूरा गर्न निर्देशन दिनु भएको थियो।

उक्त अवसरमा राजस्व सचिव श्री रामशरण पुडासैनीले समाधान-उन्मूख कार्यसम्पादन तर्फ जोड दिनुभएको थियो । उहाँले पूर्वाधार र सूचना प्रणालीको विकास, कानुन तर्जुमा, कार्यविधि निर्माण, नेपाल राष्ट्रिय एकद्वार प्रणालीको विकास लगायतका सुधारका कार्यहरुबाट व्यापारमा सहजीकरणको अनुभूति भए पनि यसको दिगोपनाको लागि विभागले योजनाबद्ध रूपमा काम गर्न निर्देशन दिनुभयो। वहाँले भन्सार जाँचपासमा बढी समय, कागजातमूखी प्रकृया, विद्युतीय भुक्तानीको कमी लगायतका समस्याहरुले देशको समग्र Doing Business Index मा नै असर पार्ने हुँदा सो को निराकरणको लागि कागजात विहीन भन्सार (Paperless Customs) बनाउन र छिट्टै विद्युतीय भुक्तानी (e-payment) मा लैजान भन्सार विभागले यसमा गहन अध्ययन तथा अनुसन्धान गर्न पनि निर्देशन दिनु भएको थियो। उहाँले समग्र भन्सार प्रशासनलाई थप प्रभावकारी बनाउन सूचना, समन्वय, निगरानी, अनुगमन र नियन्त्रण प्रणालीलाई सुदृढ बनाउदै कार्यालयमा रहेका मुद्दा, बेरुजु, लिलामी जस्ता विषयहरुलाई समयमै फर्छ्यौट गर्न निर्देशन दिनु भएको थियो ।त्यसै गरी उहाँले कारोबार मूल्यलाई कसरी यथार्थपूर्ण बनाउने भन्ने विषय उपर गोष्ठीलाई मार्गदर्शन पनि दिनुभएको थियो। राजस्व चुहावटका विषयलाई सम्बोधन गर्दै उहाँले भन्सार जाँचपास पछिको परिक्षण, छड्के जाँच जस्ता प्रणालीलाई सुधार गर्न आवश्यक रहेको औंल्याउनु भएको थियो। समग्रमा भन्सार व्यवस्थापनसँग

सम्बन्धित विषयहरु उपर निष्कर्ष निकाल्न र सूझाव दिन आग्रह गर्दै उहाँले भन्सार व्यवस्थापन गोष्ठीको सफलताको शुभकामना समेत व्यक्त गर्नु भएको थियो।

उक्त गोष्ठीको समुद्घाटन समारोहमा सम्बोधन गर्दै नेपाल राजस्व परामर्श समितिका अध्यक्ष श्री महेश दाहालले गोष्ठीबाट प्राप्त सुझावहरू भन्सारको सुधारका निम्ति यस समितिलाई र अर्थ मन्त्रालयलाई समेत एउटा अधार बन्ने विश्वास व्यक्त गर्नु भएको थियो ।

यसै क्रममा अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा प्रमुख श्री रामेश्वर दंगालले सबै ठूला भन्सार नाकाहरुमा Integrated Check Post (ICP) तथा Inland Container Depot (ICD) लगायतका पूर्वाधारहरूको निर्माण र नाकाहरूमा कन्टेनर तथा भेहिकल स्क्यानरको व्यवस्था गरेर व्यापार सहजीकरणमा महत्वपूर्ण टेवा पुऱ्याउन सकिने हुँदा यसतर्फ विभागले विशेष ध्यान दिन निर्देशन दिनु भयो। वहाँले भन्सारमा प्रयोग गरिएको स्वचालन प्रणालीलाई थप सुधार गर्दै यसका नयाँ मडयूलहरू क्रमशः कार्यान्वयनमा ल्याउन जोड दिनु भयो। भन्सार प्रशासनमा सुधारहरूको निरन्तरता कायम गर्दै मालवस्तुको यथार्थपरक मूल्याङ्कन, सही वस्तु वर्गीकरण गरी जोखिम विश्लेषणका आधारमा राजस्व चुहावटलाई नियन्त्रण गर्न सकिने हुँदा आफूलाई तोकिएको जिम्मेवारी तत्परताकासाथ पूरा गर्न प्रयास गरे जुनसुकै समस्या सामाधान गर्न सकिने तर्फ सहभागी कर्मचारीहरूको ध्यानकर्षण पनि गराउनु भयो।

सो समारोहका अध्यक्ष भन्सार विभागका महानिर्देशक श्री यमलाल भूसालले गोष्ठीका प्रमुख अतिथी माननीय अर्थमन्त्री लगायत अन्य विशिष्ट अतिथिहरुबाट प्राप्त निर्देशनको पालना गर्दै गोष्ठीमा उठेका विषयहरुलाई सम्बोधन गरी निरन्तर सुधार गरिने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

गोष्ठीको दोस्रो दिन भन्सार विभाग र अन्तर्गतका कार्यालयहरूबाट चालु आर्थिक वर्षको ८ महिनामा सम्पादन भएका कामहरुको विस्तृत समीक्षा गरिएको थियो। सो कार्यक्रममा वस्तु वर्गीकरण, भन्सार मूल्याङ्कन, मुद्दा तथा बेरूजु फर्छ्यौट, चोरी निकासी/पैठारी नियन्त्रणमा देखिएका समस्याहरु, कोभिड-१९ का कारण कार्यसम्पादनमा परेको प्रभाव, आ-आफ्नो निकायले सम्पादन गरेका अनुकरणीय काम र मातहतका कार्यालयहरुको भन्सार विभागसँगको अपेक्षा समेतका सम्बन्धमा छलफल गरिएको थियो। सो कार्यक्रमका सहभागीहरुले समूहगत छलफलबाट भन्सार मूल्याङ्कन, वस्तु वर्गीकरण लगायत नीतिगत सुधारका विषयहरु उपर विभिन्न सुझाव व्यक्त गरेका थिए ।

दुई दिन चलेको सो गोष्ठी अर्थ मन्त्रालयको वार्षिक राजस्व नीति तथा कार्यक्रम, भन्सार सुधार तथा आधुनिकीकरण रणनीतिक कार्ययोजना, भन्सार विभागले विभिन्न समयमा भन्सार प्रशासन सुधारका लागि गरेका प्रतिबद्धताहरुद्वारा निर्देशित हुँदै विद्यमान कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावलाई मध्यनजर गर्दै भन्सार प्रशासनले प्रवाह गर्ने सार्वजनिक सेवा र तोकिएको जिम्मेवारीलाई थप प्रभावकारी बनाउन २२ बुँदे प्रतिवद्धता पत्र समेत जारी गरी सम्पन्न भएको थियो।